नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

आज मिति २०७८।९।५ का दिन सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा कोभिड १९ विरुद्धको विशेष खोप अभियान सम्बन्धमा भर्चुअल माध्यमबाट बैठक सम्पन्न भयो। बैठकमा नेपाल सरकारका माननीय गृह मन्त्री, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री, माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री, माननीय अर्थ मन्त्री र नेपाल सरकारका मुख्य सचिव एवं सचिवहरुको सहभागिता रहेको थियो। सो बैठकमा प्रदेश सरकारका मुख्य मन्त्रीहरु एवं स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रीहरु तथा प्रमुख जिल्ला अधिकारीहरु भर्चुअल माध्ययमबाट जोडिनु भएको थियो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका तर्फबाट नेपालमा कोभिड खोप विरुद्धको खोप अभियानको वर्तमान अवस्था र खोप अभियान सफल पार्ने सम्बन्धमा मन्त्रालयको तयारी सम्बन्धी जानकारी गराईएको थियो।

बैठकमा प्रदेशका माननीय मुख्यमन्त्री एवं स्वास्थ्य क्षेत्र हेर्ने माननीय मन्त्रीहरुबाट नेपाल सरकारबाट सञ्चालित कोभिड विरुद्धको खोप अभियानलाई सफल पार्ने सम्बन्धमा प्रदेशको तयारीबारे जानकारी गराउनु भएको थियो। नेपाल सरकारका सहभागी माननीय मन्त्रीहरुबाट खोप अभियानमा आफ्ना मन्त्रालयका तर्फबाट गर्नुपर्ने सहयोग उपलब्ध हुने जानकारी गराउनु भयो। बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट कोभिड-१९ विरुद्धको खोप अभियान नेपाल सरकारको प्राथमिकता भएकोले हाल शुरु गरिएको १२ देखि १७ वर्षको उमेर समूहका बालबालिकालाई विद्यालयमै खोप उपलब्ध गराउन र अन्य उमेर समूहका व्यक्तिलाई समेत खोप उपलब्ध गराई चैत्र मसान्तभित्र खोप लगाउने उमेर समूहका सबैलाई निःशुल्क खोप उपलब्ध गराई सक्न निर्देशन दिनु भएको थियो।

मितिः २०७८।९।५

२०७८।९।५

सन्तोष प्रसाद दाहाल

सहायक प्रवक्ता